राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
...तपाईंको आफ्नै बैंक

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

## मूल्याङ्कन बढुवाका लागि Online फाराम भर्ने सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

मिति : २०८३।०३।१९

यस बैंकमा रिक्त रहेको तपसिलमा उल्लेखित पदहरुमा लोक सेवा आयोगको सहमति प्राप्त भए बमोजिम बैंकको पदपूर्ति समितिको निर्णयानुसार कर्मचारी सेवा विनियमावली, २०७० (सातौं संशोधन) को विनियम २० मा भएको व्यवस्था अनुसार कार्य सम्पादन मूल्याङ्कन, जेष्ठता, शैक्षिक योग्यता र भौगोलिक क्षेत्रका आधारमा मूल्याङ्कन बढुवाद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले २०८२ आषाढ मसान्त सम्ममा एक तह मुनिका बढुवाको लागि विनियम (२१) बमोजिमको न्यूनतम स्थायी सेवा अवधि र शैक्षिक योग्यता पूरा भएका तथा विनियम (१२) र (२३) बमोजिम बढुवाका लागि उम्मेदवार हुन नपाउने बाहेकका सम्बन्धित सेवा समूह भित्रका सम्भाव्य उम्मेदवारले मिति २०८३।०३।१९ देखि ३० दिन (अर्थात २०८३।०४।१६ गते) भित्र यस बैंकले तोकेको ढाँचा अनुसारको मूल्याङ्कन बढुवाको दरखास्त फाराम Online मार्फत भर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । Online दरखास्त फाराम भर्न बैंकको website मार्फत वा https://recruitment.rbb.com.np मा गई त्यहा राखिएको निर्देशन अनुसार भर्न सकिनेछ । महिला बाहेकका समावेशी समूहका उम्मेदवारहरुले आफु सम्बन्धित समूहमा परेको प्रमाणपत्रको प्रतिलिपि Scan गरी Attach गर्नु पर्नेछ । उक्त म्याद भित्र बैंकले तोकेको ढाँचामा बढुवाको लागि दरखास्त फाराम Online मार्फत नभरेमा सो समय पश्चात बढुवाका लागि दरखास्त फाराम भर्ने कुनै व्यवस्था नरहेको तथा दरखास्त फाराम नभर्ने उम्मेदवारहरुलाई बढुवा प्रक्रियामा समावेश नगरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको यो सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

| क्र.सं. | बिज्ञापन नं. | तह | पद | सेवा | समूह | पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १।२०८२।०८३ | १० | मुख्य प्रबन्धक | प्रशासन | प्रशासन | ३ | |
| २ | २।२०८२।०८३ | १० | मुख्य प्रबन्धक (लेखा) | प्रशासन | लेखा | १ | |
| ३ | ३।२०८२।०८३ | १० | मुख्य प्रबन्धक (सूचना प्रविधि) | प्रशासन | सूचना प्रविधि | १ | |
| ४ | ४।२०८२।०८३ | ९ | वरिष्ठ प्रबन्धक | प्रशासन | प्रशासन | ३ | |
| ५ | ५।२०८२।०८३ | ८ | प्रबन्धक | प्रशासन | प्रशासन | ११ | |
| ६ | ६।२०८२।०८३ | ८ | प्रबन्धक (कानुन) | प्रशासन | कानून | १ | |
| ७ | ७।२०८२।०८३ | ८ | प्रबन्धक (लेखा) | प्रशासन | लेखा | १ | |
| ८ | ८।२०८२।०८३ | ७ | उप प्रबन्धक | प्रशासन | प्रशासन | १४ | |
| ९ | ९।२०८२।०८३ | ७ | उप प्रबन्धक (कानुन) | प्रशासन | कानून | १ | |
| १० | १०।२०८२।०८३ | ७ | उप प्रबन्धक (लेखा) | प्रशासन | लेखा | ३ | |
| ११ | ११।२०८२।०८३ | ६ | सहायक प्रबन्धक | प्रशासन | प्रशासन | १६ | |
| १२ | १२।२०८२।०८३ | ५ | वरिष्ठ सहायक | प्रशासन | प्रशासन | २३ | |
| १३ | १३।२०८२।०८३ | ५ | वरिष्ठ सहायक (नगद) | प्रशासन | नगद | ६ | |
| १४ | १४।२०८२।०८३ | ५ | वरिष्ठ सहायक (सूचना प्रविधि) | प्रशासन | सूचना प्रविधि | ९ | |
| | | | जम्मा | | | ९३ | |

सदस्य-सचिव
पदपूर्ति समिति

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

## आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको Online फाराम भर्ने सम्बन्धि सूचना

मिति : २०८३।०३।१९

यस बैंकमा रिक्त रहेको तपसिलमा उल्लेखित पदहरुमा लोक सेवा आयोगको सहमति प्राप्त भए बमोजिम बैंकको पदपूर्ति समितिको निर्णयानुसार कर्मचारी सेवा विनियमावली, २०७० (सातौ संशोधन) को विनियम ६ को उप विनियम (६) मा भएको व्यवस्था अनुसार एक तह मुनिको पदमा कार्यरत बढुवाको लागि विनियम (२१) बमोजिम न्यूनतम स्थायी सेवा अवधि र तोकिएको शैक्षिक योग्यता पूरा भएका र विनियम (१२) र (२३) बमोजिम बढुवाका लागि उम्मेदवार हुन नपाउने बाहेकका सम्भाव्य कर्मचारी तथा अन्य सेवा र समूहमा रही एक तह मुनिको पदमा कार्यरत विनियम ६ को उप विनियम (६) मा तोकिए बमोजिमको सेवा अवधि र शैक्षिक योग्यता पूरा भएका कर्मचारीहरुबाट आन्तरिक प्रतियोगितात्मक परीक्षा (लिखित तथा अन्तर्वार्ता अधिकृत स्तर तह ९ र १० को हकमा प्रस्तुतीकरण समेत) द्वारा पदपूर्ति गर्नु पर्ने भएको हुनाले मिति २०८३।०३।१९ गते देखि तोकिएको म्याद भित्र सम्भाव्य उम्मेदवारहरुले Online मार्फत दरखास्त फाराम भर्न सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र Online फाराम नभरेका वा रितपुर्वक नभएका उम्मेदवार परीक्षामा सामेल हुन नपाउने तथा तोकिएको म्याद पश्चात फाराम भर्ने कुनै व्यवस्था नरहेको व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बिज्ञापन नं. | तह | पद | सेवा | समूह | पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १५।२०८२।०८३ | १० | मुख्य प्रबन्धक | प्रशासन | प्रशासन | १ | |
| २ | १६।२०८२।०८३ | १० | मुख्य प्रबन्धक (सूचना प्रविधि) | प्रशासन | सूचना प्रविधि | १ | |
| ३ | १७।२०८२।०८३ | ९ | वरिष्ठ प्रबन्धक | प्रशासन | प्रशासन | १ | |
| ४ | १८।२०८२।०८३ | ८ | प्रबन्धक | प्रशासन | प्रशासन | २ | |
| ५ | १९।२०८२।०८३ | ७ | उप प्रबन्धक | प्रशासन | प्रशासन | ५ | |
| ६ | २०।२०८२।०८३ | ७ | उप प्रबन्धक (लेखा) | प्रशासन | लेखा | १ | |
| ७ | २१।२०८२।०८३ | ६ | सहायक प्रबन्धक | प्रशासन | प्रशासन | १७ | |
| ८ | २२।२०८२।०८३ | ६ | सहायक प्रबन्धक (कानुन) | प्रशासन | कानून | १ | |
| ९ | २३।२०८२।०८३ | ६ | सहायक प्रबन्धक (नगद) | प्रशासन | नगद | १ | |
| १० | २४।२०८२।०८३ | ५ | बरिष्ठ सहायक | प्रशासन | प्रशासन | १६ | |
| ११ | २५।२०८२।०८३ | ५ | बरिष्ठ सहायक (नगद) | प्रशासन | नगद | ४ | |
| १२ | २६।२०८२।०८३ | ५ | बरिष्ठ सहायक (सूचना प्रविधि) | प्रशासन | सूचना प्रविधि | ६ | |
| | | | जम्मा | | | ५६ | |

१. परीक्षा दस्तुर : परीक्षा दस्तुर वापत तह ५ को रु.५००।–, तह ६, ७, ८ र ९ को रु.७००।– र तह १० को रु.१०००।– ।

२. *Online दरखास्त फाराम भर्न* बैंकको website मार्फत वा https://recruitment.rbb.com.np मा गई त्यहा राखिएको निर्देशन अनुसार भर्न सकिनेछ ।

३. Online Application Portal मा भर्नु पर्ने विवरण भरे पश्चात शुल्क भुक्तानीका लागि उपलब्ध RBB Mobile Banking वा उपलब्ध अन्य Online माध्यम मार्फत दस्तुर बुझाउनु पर्नेछ ।



केन्द्रीय कार्यालय, सिंहदरबार प्लाजा, काठमाडौं, फोन नम्बर: (९७७-१) ५७२१२२०, ५९७००१८, इमेल: rbb.info@rbb.com.np, SWIFT: RBBANPKA

४. Online फाराम साथ सेवा अवधि तथा शैक्षिक योग्यता खुल्ने प्रमाणपत्र र महिला बाहेकका समावेशी समूहका उम्मेदवारहरुले आफु सम्बन्धित समूहमा परेको प्रमाणपत्रको प्रतिलिपि Scan गरी Attach गर्नु पर्नेछ

५. Online दरखास्त फाराम भर्ने अन्तिम मिति : Online दरखास्त फाराम सुरु हुने मिति २०८३।०३।१९ गतेले २१ (एककाईस) दिन अर्थात २०८३।०४।०७ गते सम्म दरखास्त फाराम भर्न सकिनेछ ।

६. परीक्षा मिति र परीक्षा केन्द्र : पछि प्रकाशित गरिने छ ।

७. उपरोक्त पदहरुको लिखित परीक्षा सञ्चालन लोक सेवा आयोगबाट हुनेछ ।

सदस्य सचिव
पदपूर्ति समिति



केन्द्रीय कार्यालय, सिंहदरबार प्लाजा, काठमाडौं, फोन नम्बर: (९७७-१) ५७२१२२०, ५९७००१८, इमेल: rbb.info@rbb.com.np, SWIFT: RBBANPKA

राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
...तपाईंको आफ्नै बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

## खुला विज्ञापनकालागि
## Online दरखास्त फाराम भर्ने सम्बन्धी
## सूचना

मिति : २०८३।०३।१९

यस बैंकको रिक्त रहेका विभिन्न तह र पदमा लोक सेवा आयोगको सहमति अनुसार खुला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका तथा कुनै बात कसुर नलागेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट मिति २०८३।०३।१९ गते देखि Online दरखास्त फाराम भर्न आह्वान गरिएको छ । बैंकले तोकेको Online दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी सो साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको ट्रान्सक्रप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र र पासपोर्ट साईजको फोटो अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ । नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा रहेको संस्थानमा कार्यरत उम्मेदवारहरुले विभागीय स्वीकृति समेत अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।

रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका Online दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै नेपाल सरकार वा कुनै संगठित संस्था वा बैंक / वित्तीय संस्थाको सेवाबाट भविष्यमा अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त गरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको, नेपाल राष्ट्र बैंकले जारी गरेको नियमन तथा निर्देशन अनुसार बैंक / वित्तीय संस्थाको कुनै पदमा नियुक्ति हुन अयोग्य हुने भनी तोकिएको व्यक्ति, बैंक/ वित्तीय संस्थाको ऋण नतिरी कालो सूचिमा परेको व्यक्ति, तोकिएको पदमा तोकिएको उमेर नपुगेको वा उमेरको हद नाघेको व्यक्ति, मानसिक सन्तुलन ठिक नभएको, निलम्बनमा रहेको व्यक्ति र यस अघि लोकसेवा आयोगबाट सञ्चालित परीक्षामा अनियमितता गरी उम्मेदवार हुन बन्देज लगाईएको अवधि पूरा नभएका उम्मेदवारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन । झुटा विवरण उल्लेख गरी Online दरखास्त फाराम भरेमा सोको जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ ।

परीक्षा दस्तुर समेत Online मार्फत उपलब्ध गराईएका माध्यम (RBB Mobile Banking वा उपलब्ध अन्य Online माध्यम) बाट बुझाउन सकिनेछ । परीक्षा दस्तुर नगदमा बुझ्ने व्यवस्था नरहेको व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

### तपसिल

१) बिज्ञापन नं., कार्यालय, तह, पद, सेवा, समूह र आवश्यक पद संख्या :

| सि. नं. | विज्ञापन नं. | कार्यालय | तह | पद | सेवा / समूह | पद संख्या | खुला | समावेशी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | महिला | आ./ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| १ | २७।२०८२।०८३ | के.का. र सो अन्तर्गतका कार्यालयहरु | ९ | वरिष्ठ प्रबन्धक | प्रशासन/ प्रशासन | १ | १ | – | – | – | – | – | – |
| २ | २८।२०८२।०८३ | के.का. र सो अन्तर्गतका कार्यालयहरु | ८ | प्रबन्धक | प्रशासन/ प्रशासन | २ | २ | – | – | – | – | – | – |
| ३ | २९।२०८२।०८३ | के.का. र सो अन्तर्गतका कार्यालयहरु | ७ | उपप्रबन्धक | प्रशासन/ प्रशासन | ३ | १ | १ | – | – | – | – | १ |
| ४ | ३०।२०८२।०८३ | कोशी प्रदेश र सो अन्तर्गतका कार्यालय | ६ | सहायक प्रबन्धक | प्रशासन/ प्रशासन | १० | ५ | १ | २ | १ | १ | – | – |
| ५ | ३१।२०८२।०८३ | मधेश प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | १० | ५ | २ | २ | १ | – | – | – |
| ६ | ३२।२०८२।०८३ | बागमति प्रदेश अन्तर्गत (उपत्यका बाहिर) का कार्यालय | | | | १० | ७ | २ | १ | – | – | – | – |
| ७ | ३३।२०८२।०८३ | गण्डकी प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | ७ | ४ | १ | १ | १ | – | – | – |
| ८ | ३४।२०८२।०८३ | लुम्बिनी प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | ९ | ६ | १ | १ | १ | – | – | – |
| ९ | ३५।२०८२।०८३ | कर्णाली प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | ३ | ३ | – | – | – | – | – | – |
| १० | ३६।२०८२।०८३ | सु.प. प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | २ | २ | – | – | – | – | – | – |



केन्द्रीय कार्यालय, सिंहदरबार प्लाजा, काठमाडौं, फोन नम्बर: (९७७-१) ५७२१२२०, ५९७००१८, इमेल: rbb.info@rbb.com.np, SWIFT: RBBANPKA

आफ्नो भनेको आफ्नै हुन्छ

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

## खुला विज्ञापनकालागि Online दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

| सि. नं. | विज्ञापन नं. | कार्यालय | तह | पद | सेवा / समूह | पद संख्या | खुला | समावेशी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | महिला | आ./ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| ११ | ३७।२०८२।०८३ | के.का. र सो अन्तर्गतका कार्यालयहरु | ६ | सहायक प्रबन्धक (कानुन) | प्रशासन/ कानुन | २ | १ | – | – | – | १ | – | – |
| १२ | ३८।२०७९।०८० | के.का. र सो अन्तर्गतका कार्यालयहरु | ६ | सहायक प्रबन्धक (सूचना प्रविधि) | प्रशासन/ सुचना प्रविधि | ३ | – | – | १ | १ | – | १ | – |
| १३ | ३९।२०८२।०८३ | के.का. र सो अन्तर्गतका कार्यालयहरु | ६ | सहायक प्रबन्धक (लेखा) | प्रशासन/ लेखा | ९ | ३ | १ | २ | १ | १ | – | १ |
| १४ | ४०।२०८२।०८३ | के.का. र सो अन्तर्गतका कार्यालयहरु | ६ | सहायक प्रबन्धक (कृषि) | प्रशासन/ कृषि | १ | – | १ | – | – | – | – | – |
| १५ | ४१।२०८२।०८३ | के.का. र सो अन्तर्गतका कार्यालयहरु | ६ | सहायक प्रबन्धक (इञ्जिनियर) | प्रशासन/ इञ्जिनियरिङ्ग | १ | – | – | – | – | १ | – | – |
| १६ | ४२।२०७९।०८० | कोशी प्रदेश र सो अन्तर्गतकाकार्यालय | ६ | सहायक प्रबन्धक (नगद) | प्रशासन/ नगद | १ | – | – | – | १ | – | – | – |
| १७ | ४३।२०८२।०८३ | कोशी प्रदेश र सो अन्तर्गतकाकार्यालय | ५ | वरिष्ठ सहायक | प्रशासन/ प्रशासन | ८ | ४ | १ | १ | १ | – | – | १ |
| १८ | ४४।२०८२।०८३ | मधेश प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | १० | ६ | २ | १ | १ | – | – | – |
| १९ | ४५।२०८२।०८३ | बागमति प्रदेश अन्तर्गत ( उपत्यका बाहिर) का कार्यालय | | | | ७ | ५ | – | १ | १ | – | – | – |
| २० | ४६।२०८२।०८३ | गण्डकी प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | ५ | ३ | १ | १ | – | – | – | – |
| २१ | ४७।२०८२।०८३ | लुम्बिनी प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | ५ | २ | १ | १ | १ | – | – | – |
| २२ | ४८।२०८२।०८३ | कर्णाली प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | २ | २ | – | – | – | – | – | – |
| २३ | ४९।२०८२।०८३ | सु.प. प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | २ | २ | – | – | – | – | – | – |
| २४ | ५०।२०८२।०८३ | के.का. र बागमति प्रदेश अन्तर्गतका कार्यालय | ५ | वरिष्ठ सहायक ( कानुन) | प्रशासन। कानुन | १ | १ | – | – | – | – | – | – |
| २५ | ५१।२०८२।०८३ | सु.प. प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | १ | – | १ | – | – | – | – | – |
| २६ | ५२।२०८२।०८३ | कोशी प्रदेश र सो अन्तर्गतका कार्यालय | ५ | वरिष्ठ सहायक ( नगद) | प्रशासन/ नगद | २ | १ | १ | – | – | – | – | – |
| २७ | ५३।२०८२।०८३ | मधेश प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | २ | २ | – | – | – | – | – | – |
| २८ | ५४।२०८२।०८३ | बागमति प्रदेश अन्तर्गत ( उपत्यका बाहिर) का कार्यालय | | | | २ | १ | – | – | १ | – | – | – |
| २९ | ५५।२०८२।०८३ | गण्डकी प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | १ | १ | – | – | – | – | – | – |
| ३० | ५६।२०८२।०८३ | लुम्बिनी प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | १ | १ | – | – | – | – | – | – |
| ३१ | ५७।२०८२।०८३ | कर्णाली प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | १ | १ | – | – | – | – | – | – |
| ३२ | ५८।२०८२।०८३ | सु.प. प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | १ | – | – | – | १ | – | – | – |
| ३३ | ५९।२०८२।०८३ | के.का. र सो अन्तर्गतका कार्यालयहरु | ५ | वरिष्ठ सहायक ( सूचना प्रविधि) | प्रशासन/ सुचना प्रविधि | १७ | ८ | ३ | ३ | २ | – | १ | – |

(२) सेवाको किसिम :– स्थायी ।

(३) आवश्यक न्यूनतम शैक्षिक योग्यता :–

(क) वरिष्ठ प्रबन्धक : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बाणिज्यशास्त्र, जनप्रशासन वा मानविकी संकायमा मूल विषय अर्थशास्त्र लिई प्रथम श्रेणीमा स्नातकोत्तर उपाधि हासिल गरी बैंक तथा वित्तीय संस्थामा अधिकृत तहमा कम्तिमा ८ वर्षको अनुभव भएको ।



केन्द्रीय कार्यालय, सिंहदरबार प्लाजा, काठमाडौं, फोन नम्बर: (९७७-१) ५७२१२२०, ५९७००१८, इमेल: rbb.info@rbb.com.np, SWIFT: RBBANPKA

(ख) प्रवन्धक : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बाणिज्यशास्त्र, जनप्रशासन वा मानविकी संकायमा मूल बिषय अर्थशास्त्र लिई प्रथम श्रेणीमा स्नातकोत्तर उपाधि हासिल गरी बैंक तथा वित्तीय संस्थामा अधिकृत तहमा कम्तिमा ६ वर्षको अनुभव भएको ।

(ग) उप–प्रवन्धक : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बाणिज्यशास्त्र, जनप्रशासन वा मानविकी संकायमा मूल बिषय अर्थशास्त्र लिई प्रथम श्रेणीमा स्नातकोत्तर उपाधि हासिल गरी बैंक तथा वित्तीय संस्थामा अधिकृत तहमा कम्तिमा ५ वर्षको अनुभव भएको ।

(घ)सहायक प्रबन्धक तथा सहायक प्रबन्धक (नगद) : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बाणिज्यशास्त्र, जनप्रशासन वा मानविकी संकायमा मूल बिषय अर्थशास्त्र लिई स्नातकोत्तर उपाधि हासिल गरेको ।

(ङ)सहायक प्रबन्धक (कानुन): मान्यता प्राप्त शिक्षण संस्थाबाट कानुन संकायतर्फ स्नातकोत्तर उपाधि हासिल गरेको ।

(च) सहायक प्रबन्धक (सूचना प्रविधि) : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर वा कम्प्यूटर साइन्स वा कम्युनिकेशन वा सूचना प्रविधि विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको ।

(छ) सहायक प्रबन्धक (लेखा) : मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउण्टेन्सी उपाधि हासिल गरेको ।

(ज) सहायक प्रबन्धक (कृषि) : मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको ।

(झ) सहायक प्रबन्धक (ईञ्जिनियर) : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईञ्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण गरी ईञ्जिनियरिङ्ग विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको ।

(ञ) वरिष्ठ सहायक तथा वरिष्ठ सहायक (नगद) : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बाणिज्यशास्त्र, जनप्रशासन वा मानविकी तर्फ अर्थशास्त्र मूल बिषय लिई स्नातक उपाधि हासिल गरेको ।

(ट) वरिष्ठसहायक (कानुन): मान्यता प्राप्त शिक्षण संस्थाबाट कानुन संकायतर्फ स्नातक उपाधि हासिल गरेको ।

(ठ) वरिष्ठ सहायक (सूचना प्रविधि) : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर वा कम्प्यूटर साइन्स वा कम्युनिकेशन वा सूचना प्रविधिविषयमा स्नातक उपाधि हासिल गरेको ।

(४) दरखास्तको आधार :– समावेशी समूहको लागि छुट्याइएको पदमा online दरखास्त दिने उम्मेदवारले देहायको आधारमा दरखास्त दिनु पर्नेछ ।

(क) आदिवासी / जनजातीका हकमा नेपाल आदिवासी / जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो ऐनको सूचीको आधारमा, तर नेपाल आदिवासी / जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।

(ख) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।

(ग) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।



केन्द्रीय कार्यालय, सिंहदरबार प्लाजा, काठमाडौं, फोन नम्बरः (९७७-१) ५७२१२२०, ५९७००१८, इमेलः rbb.info@rbb.com.np, SWIFT: RBBANPKA

(घ) अपाङ्गको हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषदबाट अपाङ्गता प्रमाणित गरेको प्रमाणपत्र दरखास्त साथ अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।

(ङ) पिछडिएको क्षेत्रको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउं पालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको प्रमाणपत्र दरखास्त साथ अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।

(५) तलव तथा अन्य सुविधा :– बैंकको प्रचलित नियम अनुसार ।

(६) उम्मेदवारको उमेर :– Online दरखास्त दिने अन्तिम मिति (अर्थात २०८३।०४।०७ गते) सम्ममा (क) तह ७, ८ र ९ का लागि २१ बर्ष पूरा भई ४० बर्ष ननाघेको । (ख) तह ६ का लागि २१ बर्ष पूरा भई ३५ बर्ष ननाघेको । (ग) सहायक स्तर तह ५ का लागि १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको । साथै महिला तथा अपाङ्गता भएका व्यक्तिका हकमा ४० वर्ष सम्म उम्मेदवार हुन सक्नेछन् तर बैंकमा कार्यरत स्थायी कर्मचारीलाई उपरोक्तानुसारको उमेरको हद लाग्ने छैन ।

(७) उम्मेदवारको छनौट विधि :– तह ५, ६, ७ र ८ का लागि लिखित तथा अन्तर्वार्ता, तह ९ का लागि लिखित, प्रस्तुतीकरण तथा अन्तर्वार्ता ।

(८) अन्य सेवा शर्त :–राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, कर्मचारी सेवा विनियमावली, २०७० (सातौं संशोधन) बमोजिम हुनेछ ।

(९) परीक्षणकाल अवधि :– महिला कर्मचारीलाई ६ महिना र पुरुष कर्मचारीलाई १ वर्ष ।

(१०) पदस्थापन :– उपरोक्त बिज्ञापन अनुसार तह ७, ८ र ९ का उपरोक्तानुसारका पदहरु, तह ६ सहायक प्रवन्धक (कानुन), सहायक प्रवन्धक (सूचना प्रविधि),सहायक प्रवन्धक (ईञ्जिनियर), सहायक प्रवन्धक (कृषि) र तह ५ वरिष्ठ सहायक (सूचना प्रविधि) पदमा नियुक्त हुने कर्मचारीहरुलाई केन्द्रीय कार्यालय, प्रादेशिक कार्यालय र शाखा कार्यालयहरुमा काम गर्ने गरी पदस्थापन गरिनेछ । तह ६ को सहायक प्रवन्धक र सहायक प्रवन्धक (नगद) पदमा नियुक्त हुने कर्मचारीहरुलाई सम्बन्धित प्रदेश र सो अन्तर्गतका शाखा कार्यालयहरु (बागमति प्रदेशको हकमा बागमति प्रदेश अन्तर्गत (उपत्यका बाहिर)का कार्यालय) मा कम्तिमा ५ वर्ष तथा तह ५ को बरिष्ठ सहायक र बरिष्ठ सहायक (नगद) पदमा मा नियुक्त हुने कर्मचारीहरुलाई सम्बन्धित प्रदेश र सो अन्तर्गतका शाखा कार्यालयहरु (बागमति प्रदेशको हकमा बागमति प्रदेश अन्तर्गत (उपत्यका बाहिर)का कार्यालय) मा कम्तिमा ७ वर्ष कामकाज गर्ने गरी र तह ५ बरिष्ठ सहायक (कानुन) पदमा नियुक्त हुने कर्मचारीहरुलाई सम्बन्धित प्रदेश र सो अन्तर्गतका शाखा कार्यालयहरु (के.का. र बागमति प्रदेशको हकमा के.का. वा बागमति प्रदेश अन्तर्गतका कार्यालय) मा कम्तिमा ७ वर्ष कामकाज गर्ने गरी पदस्थापन गरिनेछ ।

(११) Online दरखास्त फाराम भर्न राष्ट्रिय वाणिज्य बैंकको website मार्फत वा https://recruitment.rbb.com.np मा गई त्यहाँ राखिएको निर्देशन अनुसार भर्न सकिनेछ ।

(१२) परीक्षा दस्तुर :– (क) तह ६, ७, ८ र ९ को खुला समूहका लागि रु.७००।–(सात सय) र प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रु.२००।– (दुई सय) । (कुनै एक समावेशी समूहकालागि मात्र भरेमा रु. ७००।– (सात सय) तथा एक भन्दा बढी समावेशी समूहमा भरेमा प्रत्येक थप समावेशी समूहका लागि थप रु.२००।– (दुई सय) ।

(ख) तह ५ को खुला समूहका लागि रु.५००।– (पांच सय) र प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रु.१००।– (एक सय) । (कुनै एक समावेशी समूहकालागि मात्र भरेमा रु.५००।– (पांच सय) तथा एक भन्दा बढी समावेशी समूहमा भरेमा प्रत्येक थप समावेशी समूहका लागि थप रु.१००।–(एक सय) ।



केन्द्रीय कार्यालय, सिंहदरबार प्लाजा, काठमाडौं, फोन नम्बर: (९७७-१) ५७२१२२०, ५९७००१८, इमेल: rbb.info@rbb.com.np, SWIFT: RBBANPKA

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

खुला विज्ञापनकालागि
Online दरखास्त फाराम भर्ने सम्बन्धी
सूचना

(१३) Online दरखास्त फाराम भर्ने मिति :– Online दरखास्त फाराम शुरु हुने मिति २०८३।०३।१९ गतेले २१ दिन ( अर्थात मिति२०८३।०४।०७ गते) भित्र र दोब्बर दस्तुर तिरी थप ७ दिन (अर्थात मिति २०८३।०४।१४ गते) सम्म ।

(१४) परीक्षा दस्तुर बुझाउने प्रक्रिया :- Online Application Portal मा भर्नु पर्ने आधारभुत, सम्पर्क, शिक्षा, कागजातको विवरण तथा आवश्यक भएमा अनुभव र तालिमको विवरण भरे पश्चात शुल्क भुक्तानी Tab मा गई उपलब्ध माध्यम (RBB Mobile Banking वा उपलब्ध अन्य Online माध्यम मध्ये आफुले बुझाउन चाहेको माध्यममा Click गरी परीक्षा दस्तुर बुझाउन सकिनेछ । यसरी परीक्षा दस्तुर बुझाउंदा एक भन्दा बढी विज्ञापनमा दरखास्त फाराम भर्ने उम्मेदवारले हरेक विज्ञापनका लागि छुट्टा छुट्टै दस्तुर बुझाउनु पर्नेछ ।
Online दरखास्त फारामको अवस्था आफनो user Login गरी Application Portal मा हेर्न सकिनेछ । फाराम सम्बन्धी जानकारी e-mail तथा SMS मार्फत समेत गराईनेछ । सो अनुरुपको e-mail तथा SMS प्राप्त भए नभएको सम्बन्धमा सम्बन्धित दरखास्तवालाले एकिन गर्नु पर्नेछ ।

(१५) लिखित परीक्षा सञ्चालन हुने स्थान :– अधिकृत स्तर तह ६ का सहायक प्रवन्धक र सहायक प्रवन्धक (नगद), सहायक स्तर तह ५ का बरिष्ठ सहायक,र वरिष्ठ सहायक (कानुन)र वरिष्ठ सहायक (नगद) पदहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट सम्बन्धित प्रदेशका तोकिएको स्थानहरुमा तथा अन्य पदहरुको लिखित परीक्षा लोक सेवा आयोगको केन्द्रीय कार्यालयबाट काठमाण्डौमा संचालन हुनेछ ।

(१६) परीक्षा सञ्चालन हुने मिति र परीक्षा केन्द्र :– सूचना प्रकाशित गरी जानकारी गराइनेछ ।

(१७) एउटा पदको लिखित परीक्षा एकै दिन र एकै समयमा हुनेछ । एउटै पदका एक भन्दा बढी विज्ञापनहरुमा दरखास्त फाराम भर्ने उम्मेदवारहरुले कुनै एउटा विज्ञापनको लिखित परीक्षामा मात्र सहभागी हुन सक्नेछन् ।

(१८) लिखित परीक्षाको पाठ्यक्रम राष्ट्रिय वाणिज्य बैंकको Website: www.rbb.com.np को Notice भित्र Career Notice मा राखिएको छ ।

(१९) उपरोक्त पदहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।

(२०) माथि उल्लेखित विज्ञापनहरुमा काम गर्न इच्छुक नेपाली नागरिकहरुले Online दरखास्त फाराम भर्न सक्नेछन् ।

(२१) शैक्षिक योग्यता, समावेशीको प्रमाणपत्र, अनुभव, सेवा अवधि सम्बन्धि तथा अन्य प्रमाणपत्रहरुका सम्बन्धमा दरखास्त बुझाउने अन्तिम मिति (२०८३।०४।०७) सम्म जारी भएकोलाई मात्र मान्यता दिइनेछ ।

(२२) बिज्ञापन सम्बन्धी विशेष सूचना : सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७८-WO-०६६० समेतका उत्प्रेषणका निबेदनहरुमा मिति २०७९।१०।२४ मा भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानूनी प्रबन्ध मिलाए पछि सोही अनुसार पदपूर्ति गरिनेछ ।

(२३) आवेदन स्वीकृत, अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार बैंकलाई हुनेछ ।

(२४) Online दरखास्त फाराम भर्दा अस्पष्ट भएमा वा थप जाकारिका लागि यस विभागको टेलिफोन नं. ०१-५७२१२२० एक्सटेन्सन नं. : ३५११, ३५४८ र ३५४९ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

सदस्य सचिव
पदपूर्ति समिति